नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २९६ २०८१ साल असार १९ गते बुधबार (3 July 2024 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको बर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा महाकुम्भ मेला र.. ३ पृष्ठमा : सुनकोसी मरिण डाइभर्सनः ... ३ पृष्ठमा रमजानको समयमा लुटपाटक ...

# नयाँ सत्ता समिकरणले नेपाली राजनीतिमा तरङ

**दैनिक समाचारदाता**
**राजविराज, १८ असार ।**

संसद्को पहिलो र दोस्रो ठुलो दल नेपाली कांग्रेस र नेकपा एमालेबिच नयाँ सत्ता समीकरणका लागि समझदारी भएपछि नेपाली राजनीतिमा नयाँ तरङ उत्पन्न भएको छ । दुबै दलबीच संविधान संशोधन र राजनीतिक स्थायित्वका लागि राष्ट्रिय सहमतिको सरकार गठन गर्ने सहमति भएसंगै राजनीतिमा नयाँ तरंग उत्पन्न भएको हो ।

सोमबार मध्यरातमा भएको दुई दलबीच भएको सहमति अनुसार आगामी संसद्को कार्यकाल अवधिमा एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले आधा-आधा समय सरकारको नेतृत्व गर्ने विषयमा समझदारी भएको जनाइएको छ ।

कांग्रेस र एमालेबिच सत्ता समझदारी बनाउन एमालेका तर्फबाट खटिएका शंकर पोखरेलले मंगलबार बिहान सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गरेको सम्झौता अनुसार एमाले र कांग्रेसको प्रारम्भिक सहमतिमा अन्य दललाई पनि एमाले अध्यक्ष केपी ओलीको नेतृत्वमा गठन हुने सरकारमा अन्य दलहरू पनि सहभागी गराएर 'राष्ट्रिय सहमतिको सरकारमा रूपान्तरण गरिने भनिएको छ ।

'राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन गर्ने र तदनुरूपका कानुन समेत निर्माण गर्ने गरी केपी शर्मा ओलीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउन नेकपा (एमाले) र नेपाली कांग्रेसका बिचमा समझदारी', पोखरेलले भनेका छन्, 'यस प्रक्रियामा सहमत दलहरूलाई राष्ट्रिय सरकारमा समावेश गरिने ।'

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार उथलपुथल हुने गरी बनेको नयाँ सत्ता गठबन्धनमा मधेस केन्द्रित सबै दलहरू सहभागि हुने संकेत गरेको छ ।

एक अर्काबिच तिक्ततापूर्ण राजनीति गरिरहेका उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल (जसपा) र सिके राउत नेतृत्वको जनमत पार्टीले नयाँ सत्ता साझेदारीमा सामेल हुने संकेत गरेको हो ।

यादवले नेपाली कांग्रेस र नेकपा (एमाले) बिच सहमति भई बनेको नयाँ गठबन्धनलाई

***बाँकी अन्तिम पृष्ठमा***



## कांग्रेस-एमालेबीच भएको समझदारी

१. ओली दुई वर्ष प्रधानमन्त्री, शेरबहादुर देउवा बाँकी अवधि प्रधानमन्त्री ।
२. प्रदेश सरकारहरुमा ३/३ वटा सरकार बाँड्ने । मधेस प्रदेशमा मधेसकेन्द्रित दलकै नेतृत्व ।
३. संविधान संशोधन गर्दै समानुपातिक सांसदलाई राष्ट्रिय सभा लैजाने, उपराष्ट्रपति सभाको अध्यक्ष ।
४. प्रतिनिधिसभा र राष्ट्रिय सभा दुवैको सिट संख्याबारे पुनर्विचार ।
५. पालिकाको संख्या ७५३ बाट घटाएर वडाको संख्या वृद्धि गर्ने ।
६. संविधान पुनरावलोकन गर्न पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठको नेतृत्वमा समिति बनाउने ।
७. प्रदेश सभामा समानुपातिक तर्फको प्रावधान हटाएर प्रत्यक्ष निर्वाचितमात्रै राख्ने ।

# डुबेर तीन बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १८ असार ।**

सप्तरी र सिरहाको छुट्टाछुट्टै स्थानमा पोखरी र नहरमा डुबेर तीन जना बालकको ज्यान गएको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा सोमबार डुबेर एक ५ वर्षिय बालकको ज्यान गएको हो ।

मृत्यु हुनेमा हनुमाननगर कंकालिनी नगरपालिका ३ पोर्ताहा बस्ने लक्षमण रायका ५ बर्षका छोरा रोशन छन् ।

रोशन सोमबार मध्यान्ह १२ बजेदेखि घरबाट हराइरहेका थिए । खोजी गर्ने क्रममा उनी सोमबार दिउँसो ५ बजे बग्दै गरेको चन्द्र नहरको पानीमा डुबेको अवस्थामा फेला परेको स्थानीयले बताएका छन् ।

यस्तै सिरहाको नरहा गाउँपालिका ३ खोरियाटोलस्थित पोखरीमा डुबेर दुई बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय सुशील मण्डलका ६ वर्षीय छोरा राहुल मण्डल र उनका भाञ्जा करिब आठ बर्षीय आशिष मण्डल छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाले सोमबार दिउँसोदेखि हराएका ती दुबै बालक मंगलबार बिहान स्थानीय बसन्त यादवको पोखरीमा मृत फेला परेका जानकारी दिएका छन् ।

मृतकको शव परीक्षणका लागि प्रादेशिक अस्पताल सिरहामा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको सापकोटाले जानकारी दिए ।

# प्रधानमन्त्रीले प्रतिनिधिसभामा विश्वासको मत लिने

काठमाडौं, १८ असार (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभाबाट विश्वासको मत लिनुहुने भएको छ । पछिल्लो राजनीतिक समीकरण विकास भएसँगै मंगलबार बिहान बसेको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को पदाधिकारी बैठकमा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री दाहालले विश्वासको मत लिने प्रक्रियाका लागि आवश्यक काम अघि बढाउने बताउनुभएको हो ।

"प्रधानमन्त्रीले संसद् 'फेस' गरेर विश्वासको मतको

***बाँकी अन्तिम पृष्ठमा***

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

## मेरील्याण्डमा कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।

व्यवस्थापन शिक्षामा राष्ट्रिय पहिचान बनाई विगत २१ वर्षदेखी देशभरीका ७००० (सात हजार) भन्दा बढी कलेज मध्येबाट लगातार **Top Ten** मा पर्न सफल साथै यस पल्ट राष्ट्रिय स्तरमै नेपालको **७ औं** स्थानमा पर्न सफल यस मेरील्याण्ड कलेजमा कक्षा ११ मा नयाँ भर्ना खुलेको कुरा बिनम्र अनुरोध छ ।

प्रवेश परिक्षा
मिति : २०८१/३/२० गते बिहीबार

## मेरील्याण्ड कलेज

रंगेली रोड, बिराटनगर

सम्पर्क नं. : ०२१ | ५७५२७५, ५१५५४०,
मो. नं. ९८५२०२०३३६ | ५७६८३६, ५७०४९२

## CTEVT बाट मान्यता प्राप्त जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज

संचालित कार्यक्रमहरु

डिप्लोमा तह
H.A. (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

V-JTA भेटनरी जे.टी.ए.
१८ महिने
P-JTA बाली विज्ञान
१८ महिने

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म
प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार
समय : बिहान ८ बजेदेखी (H.A.)
समय : दिउँसो १ बजेदेखी (V-JTA, P-JTA)

आजै सम्पर्क गर्नुहोस्
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### अवैद्य मदिरा पसल नियन्त्रण आवश्यक

सम्बन्धीत निकायले अनुगमन तथा नियन्त्रणको प्रयास गर्न नसक्दा अहिले अवैद्य मदिरा पसल खुल्ने क्रम बढ्दो छ । सुर्य अस्त नेपाल मस्त भन्ने उखान झै अहिले सप्तरी जिल्लाको विभिन्न स्थानमा अवैध मदिरा पसल खुल्ने क्रम बढेको हो । साँझ पर्ने बितिकै मदिरा सेवनकर्ताहरुको भिड लाग्ने गरेको छ । यो संख्या जिल्लाको ग्रामिण भेगमा मात्र नभएर सहरी क्षेत्रमा समेत बढ्दो छ ।

धुम्रपान, मध्यपान स्वास्थ्यको लागि हानिकारक रहेपनि अहिले जिल्लाको विभिन्न स्थानमा मदिरा सेवन गर्ने खासगरी युवाहरुको संख्यामा ह्वातै बृद्धि भएको छ । अहिले सबैभन्दा बढी फस्टाएको ब्यापारको रुपमा मदिरा पसललाई नै मानिन्छ, मदिरा पसल गर्ने ब्यापारीहरु मदिरा बिक्रि वितरण गरेर दिनहुं राम्रो आम्दानी गर्ने गरेपनि त्यसबाट युवाहरुको भविष्य अन्धकारतर्फ गईरहेका छन् । बेलुका हुने बितिकै विभिन्न चौकहरुमा समेत मदिरा सेवन गरी हो हल्लाह हुने गरेका घटनाहरु सार्वजनिक समेत हुने गरेको छ । जसले अपराधका घटनाहरु हुने सक्ने सम्भावना समेत बढेको छ ।

अवैध मदिरा पसलहरुको पहिचान गरी अबिलम्ब बन्द गर्ने तर्फ स्थानीय प्रहरी प्रशासन तथा सम्बन्धित निकायको ध्यान पुग्नु आवश्यक छ । तसर्थ भविष्यका कर्णाधार युवाहरुलाई मदिरा सेवनको कुलतबाट मुक्त गराउनका लागि सबै सरोकारबालाहरुको ध्यान जानु पनि उत्तिकै आवश्यक छ ।

# युगान्तकारी परिवर्तनका नायक गिरिजाप्रसाद

**डा केदारनरसिंह केसी**

काठमाडौं, १८ असार (रासस) । नेपालको लोकतान्त्रिक आन्दोलनका साहसी तथा कर्मयोगी नेता गिरिजाप्रसाद कोइरालाको राजनीतिक जीवन धेरै सन्दर्भ र घटनाले भरिएका छन् । वास्तवमा साहस र अठोटको पर्याय नै उहाँको राजनीतिक जीवन बनेको छ । नेता त्यो हो, जसले बाटो पहिल्याउँछ, पहिल्याएको बाटोमा आफैँ हिँड्छ, आफू हिँडेको बाटोमा अरूलाई पनि हिडाउँछ । गिरिजाबाबुले पनि त्यसै गर्नुभयो । गिरिजाबाबुको जीवनमा सङ्घर्षबाट पाएको चेतना र ज्ञान नै उहाँलाई अगाडिको बाटो देखाउने प्रकाशका रूपमा आएको प्रस्टै छ । निर्णय गर्न नडराउने उहाँको साहसपूर्ण स्वभाव सबैका निम्ति प्रेरणादायी बनेको छ ।

राणाशासनको क्रूर अवस्थामा २१ वर्षे उमेरका गिरिजाबाबुबाट विराटनगरको ऐतिहासिक मजदुर हडतालको सफलतापूर्ण नेतृत्व गर्नु त्यो उमेरको कुनै पनि मानिसका लागि लरतरो काम थिएन । उहाँको नेतृत्वमा २००३ साल फागुन २१ गते एकतन्त्रीय राणा शासनको विरोधमा विराटनगर जुट मिलको आन्दोलन भएको थियो । नेपालको जनसङ्घर्षको इतिहासमा जनताले गरेको यो नै पहिलो ऐतिहासिक आन्दोलन पनि थियो । नेपालको इतिहासमा सबैभन्दा धेरै मानिस सहभागी भएको पहिलो र सबैभन्दा ठूलो मजदुर हडताल यही नै थियो । गिरिजाबाबुलाई सक्रिय र सङ्घर्षशील राजनीतिमा प्रवेश गराएको पनि त्यही आन्दोलनले हो । त्यसको सफलता वा विजयले उहाँमा राजनीतिमा लाग्ने हौसला मिलेको देखिन्छ ।

गिरिजाबाबुले राजनीतिमा युगान्तकारी घटना गराउनुभएको छ । लोकतान्त्रिक आन्दोलनलाई गति दिने कार्यमा उहाँको अधिकांश उमेर बित्यो । उहाँ देशमा प्रजातन्त्र पुनःस्थापना भएपछि नेपालको पहिलो प्रधानमन्त्री हुनुभयो, २०१५ सालको आमनिर्वाचनको पनि गणना गर्दा बहुदलीय प्रजातन्त्रमा बिपीपछि दोस्रो निर्वाचित प्रधानमन्त्री बन्ने अवसर पनि उहाँलाई मिल्यो । २०४८ सालदेखि २०५१ सम्मको गिरिजाबाबुको प्रधानमन्त्रीत्वको कार्यकाल अत्यन्त सन्तोषजनक, सन्तुलन र मर्यादित रूपले अगाडि बढेकै हो । विकासका पूर्वाधारको सुरुआत पनि यही कार्यकालमा भएको हो । यस अवधिमा स्वास्थ्य, शिक्षा, सञ्चार, विद्युतीकरण, यातायातका क्षेत्रमा मुलुकले ठूलो फड्को मारेको विदितै छ ।

उहाँले राजनीतिलाई व्यक्तिगत स्वार्थका लागि कहिल्यै लिनुभएन । साँच्चै भनौं भने बिपी रहुन्जेल उहाँ लोकतान्त्रिक सङ्घर्षमा होमिनुबाहेक अरू कुनै जिम्मेवारीमा हुनुहुन्थेन । २०२५ सालदेखि २०३३ सालसम्म नेपाली कांग्रेसले आयोजना गरेको 'सशस्त्र कारबाही' हाँक्ने मुख्य 'कमान्डर' उहाँ नै हुनुहुन्थ्यो । उहाँमा धैर्यपूर्वक निर्णय गर्ने, आफ्नो निष्ठामा नझुक्ने, साहसी र इच्छाशक्ति भएको ऊर्जाशील गुण र विशेषता थियो । उहाँमा रहेका यस्ता असल गुण र विशेषतालाई अनुसरण गर्नसक्नु नै उहाँप्रतिका वास्तविक श्रद्धाञ्जलि हुनेछ ।

जीवनको सात दशकभन्दा लामो समय लोकतान्त्रिक आन्दोलनमा निरन्तर रूपले बिताउनु साधारण कुरा होइन । जेल, निर्वासन र अनेक सङ्कटहरू व्यहोर्दै देश र जनताका लागि आफूलाई समर्पण गरेर अनवरत उहाँ हिँडीरहनुभयो । पटकपटक गरेर उहाँ १२ वर्षभन्दा बढी समय जेलमा बिताउनुभयो । राणा र शाह दुवै निरङ्कुशतालाई चुनौती दिँदै कहिल्यै झुक्नु भएन, बरु उहाँको साहस, स्वाभिमान र अडानका अगाडि कुनै पनि अतिवाद वा निरङ्कुशता झुक्न बाध्य भए । प्रजातन्त्रका सन्दर्भमा कसैसँग पनि सम्झौता नगर्ने र प्रतिनिधिसभाको पुनर्बहालीले मात्र राजनीतिक निकास दिनसक्छ भन्ने गिरिजाबाबुको अडानलाई २०६१ साल माघ १९ को राजा ज्ञानेन्द्रको कदमले पनि रोक्न सकेन । २०५९ साल असोज १८ मा तत्कालीन राजा ज्ञानेन्द्र शाहले जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्थ गरी आफू अनुकूलका प्रधानमन्त्री नियुक्त गर्न थालेपछि राजतन्त्रप्रति जनताको आस्था घटेको थियो । त्यसपछि भएका आन्दोलनको नेतृत्व पनि गिरिजाप्रसाद कोइरालाले नै गर्नुभएको थियो । २०६१ साल माघ १९ मा दलमाथि प्रतिबन्ध लगाउँदै राजा ज्ञानेन्द्र आफैँ मन्त्रिपरिषद् अध्यक्ष बनेपछि कोइरालाले सबै राजनीतिक दललाई एकै ठाउँमा ल्याएर पूर्ण लोकतन्त्रको स्थापनाका लागि आन्दोलनको नेतृत्व गर्नुभएको थियो । आखिर २०६३ साल वैशाख ११ गते बाध्य भएर राजा ज्ञानेन्द्र आन्दोलनरत सात दलको मार्गचित्रअनुरूप विघटित प्रतिनिधिसभा पुनःस्थापना गर्न सहमत भएका थिए ।

पुनःस्थापित प्रतिनिधिसभाले २०६३ साल जेठ ४ मा राजाका सबै अधिकार कटौती गर्दै आलङ्कारिक राजाका रूपमा ज्ञानेन्द्र शाहलाई सीमित गरेको थियो । उहाँकै नेतृत्वमा २०६५ साल जेठ १५ मा नेपालबाट दुई सय ४० वर्ष इतिहास भएको शाहवंशीय राजसंस्था अन्त्य भई नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रका रूपमा स्थापित भएको थियो । यसरी दुई सय ४० वर्षदेखिको राजतन्त्रको अन्त्य गर्दै सक्रिय राजतन्त्रको असफल अभ्यासमा लागेका राजा ज्ञानेन्द्रलाई नारायणहिटीबाट बाहिर निकाल्ने कामको नेतृत्व उहाँले नै गर्नुभएको थियो । अन्त्यन्त आँटिला, आफूलाई लागेको कुरा निर्णय गराउन सक्ने, कम बोल्ने तर बोलेको कुरामा अडिग रहने उहाँको स्वभावले नै मुलुकलाई राजनीतिक रुपान्तरण गराउन सम्भव भयो । जीवनको अन्तिम क्षणसम्म राष्ट्रका लागि क्रियाशील रहने उहाँ समकालीन नेपाली राजनीतिका शिखर पुरुष हुनुहुन्छ ।

उहाँको अर्को महत्वपूर्ण पक्ष भनेको सामान्य कार्यकर्ताको भावना र पीरमर्का बुझ्नसक्ने एक कुशल नेतृत्वका रूपमा देखाउनु भएको गुण र क्षमता पनि हो । उहाँ तल्लो तहको पार्टी कार्यकर्तासित समेत सोझै भावनात्मक सम्बन्ध राख्नसक्ने हुँदा आम कार्यकर्ताबीच अत्यन्त लोकप्रिय नेता हुनुहुन्थ्यो । उहाँले आफ्नो लामो राजनीतिक जीवनमा व्यतित गर्नुभएको विभिन्न आरोहअवरोहहरू उहाँका सफलता र असफलता नेपाली राजनीतिका अभिन्न अङ्ग हुन् ।

लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा युद्धरत माओवादीलाई शान्ति प्रक्रिया र लोकतान्त्रिक धारमा ल्याउने ऐतिहासिक कार्य उहाँकै नेतृत्वमा सम्पन्न भयो । १० वर्षे सशस्त्र युद्धमा रहेका माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन भएको १२ बुँदे सम्झौता र दोस्रो जनआन्दोलनको नेतृत्व गरेका गिरिजाप्रसाद कोइरालाले आफू हारेर भए पनि द्वन्द्वले आक्रान्त मुलुकमा शान्ति स्थापनाका लागि साहसिक कदम उठाएको इतिहास कसैबाट लुक्न सक्दैन । नेता कोइरालाकै नेतृत्वमा माओवादी जनसेनाको समायोजनसहित हतियार व्यवस्थापन भएको थियो । सहमति, सहकार्य र एकताका सूत्रधार कोइरालाको माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने निर्णय नै विश्वकै एक ऐतिहासिक सफलता हो ।

छ दशकभन्दा लामो संविधानसभा निर्वाचन गर्ने कांग्रेसका संस्थापक नेता बिपी कोइरालाको सपना पूरा भएको थियो । चारपटक मुलुकको प्रधानमन्त्री बनेका नेता कोइरालाले अन्तिम कार्यकालमा भने कार्यवाहक राष्ट्राध्यक्षको कार्यभारसमेत सम्हाल्नुभएको थियो । संवाद, सहमति र सहकार्यको माध्यमबाट राजनीतिक स्थायित्व कायम गरी राष्ट्रिय एकता, लोकतन्त्र र समृद्धिको दिशामा दृढतापूर्वक अघि बढ्नुपर्छ भन्ने उहाँको मान्यता अहिले पनि सबैको मार्गदर्शक बनेको छ । उहाँले आफ्नो जीवनकालभरि कालो झन्डा र विरोधको सामना गर्नु परे पनि मृत्युपउहाँले जति प्रशंसा

*बाँकी तीन पृष्ठमा*

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## सडक डिभिजन कार्यालयको आग्रह

- सडकमा खाल्डो खन्नेसहित आफ्नो अनुकुल कुनै काम नगरौं ।
- सडक टाँसिएरै कुनै संरचना नबनाऔं ।
- सडक भएर पैदल आवतजावत नगरौं ।
- सडकमा खानेपानीको बोतल, फोहोरजन्य सामग्री नफ्याँकौं ।
- सबारीको क्षमताभन्दा बढी यात्रु नबसाऔं ।
- मोटरसाइकलको यात्रा गर्दा अनिवार्य रुपमा हेलमेटको प्रयोग गरौं ।
- सडकको मर्मत सम्भार एवं सरसफाईमा खटिएका कर्मचारीलाई प्रोत्साहित गरौं ।
- यान्त्रिक गडबडी भएका सबारीसाधन सडकमा नकुदाऔं ।
- लागूपदार्थ तथा मादक पदार्थ प्रयोग गरी सबारी नचलाऔं ।
- साइड हेरेर मात्र अगाडिमा रहेको सबारीलाई उछिन्नौं ।

**अनुरोधकर्ता**
**सडक डिभिजन कार्यालय**
**लहान, सिरहा**

# डिप्रोक्स नेपालको सहयोगमा ६० हजारले लिए वित्तीय साक्षरता कक्षा

काठमाडौँ, १८ असार (रासस)। वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको सही सदुपयोगगरी देशभित्रै रोजगारीका अवसर सिर्जना गर्ने तथा आयआर्जनमा वृद्धिगरी भविष्यमा सहज जीविकोपार्जन गराउने उद्देश्यका साथ सञ्चालित वित्तीय साक्षरता कार्यक्रम प्रभावकारी देखिएको छ।

सो कार्यक्रमअन्तर्गत सूचनामा पहुँच, सीपयुक्त जनशक्तिको विकास, न्यायमा पहुँच, मनोसामाजिक परामर्श र वित्तीय साक्षरतालगायत क्षेत्रमा विभिन्न क्रियाकलाप हुँदै आएका छन्। सामी कार्यक्रमअन्तर्गत वित्तीय साक्षरताको क्षेत्रमा डिप्रोक्स-नेपालले प्राविधिक साझेदारका रुपमा सन् २०१९ देखि कार्य गर्दै आइएको छ।

डिप्रोक्सले वैदेशिक रोजगारमा रहेका विप्रेषण प्राप्त घरपरिवारका सदस्यलाई लक्षित गरी २१ हप्ताको वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सञ्चालन गर्दै आइरहेको छ। तेस्रो चरणको कार्यक्रमअन्तर्गत हालसम्म ३८ जिल्लाका एक सय ५६ स्थानीय तहमा दुई हजार तीन सय ९९ वित्तीय साक्षरता कक्षा सम्पन्न भएका डिप्रोक्सका निर्देशक कैलाश रिजालले मंगलबार यहाँ आयोजित कार्यक्रममा जानकारी दिनुभयो।

वित्तीय साक्षरता तथा मनोपरामर्श कार्यक्रममा ५८ हजार छ सय ९४ महिला र एक हजार एक सय ९९ पुरुष गरी कूल ५९ हजार आठ सय ९३ जनाको सहभागिता रहेको थियो। डिप्रोक्सले सामी परियोजना सञ्चालन नभएको थप एक स्थानीय तहका एक सय ८४ जनालाई पनि वित्तीय साक्षरताका विविध आयामबारे जानकारी गराएको थियो।

डिप्रोक्सले चलाएको वित्तीय साक्षरता तथा मनोपरामर्श कक्षमा सहभागीमध्ये अधिकांशले औपचारिक वित्तीय संस्थाबाट विप्रेषण प्राप्त गर्ने गरेको जानकारी गराएका थिए। बैंकिङ च्यानलबाट विप्रेषण प्राप्त गर्ने सहभागीको सङ्ख्या ९९ दशमलव ७२ प्रतिशत रहेको डिप्रोक्सले जनाएको छ। जुन वित्तीय साक्षरता कक्षा सञ्चालन अघि ६६ प्रतिशत मात्र थियो।

नियमित बचत गर्ने, औपचारिक वित्तीय संस्थामा खाता खोल्ने, आम्दानी तथा खर्चको हिसाब राख्ने तथा आकस्मिक कोषको स्थापना गर्ने सहभागीको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि भएको निर्देशक रिजालले जानकारी दिनुभयो। यस्तै ६१ प्रतिशतले विदेश जाँदा लिएको पूरै ऋण तिरिसकेका तथा जीवन बीमा कार्यक्रममा सहभागिता जनाउने सहभागीको प्रतिशत ११ दशमलव २१ अङ्कले वृद्धि भएको डिप्रोक्सले जनाएको छ।

वित्तीय साक्षरता कार्यक्रममा सहभागी हुनुअघि शून्य दशमलव ५४ प्रतिशतले गरेको व्यवसाय तथा चार दशमलव ३० प्रतिशतले गरेको व्यवसाय विस्तार कार्यक्रममा सहभागितापश्चात् तीन दशमलव १० प्रतिशतले व्यवसाय प्रारम्भ तथा १२ दशमलव ९१ प्रतिशतले विस्तार गरेको तथ्याङ्क छ।

विभिन्न २१ वटा स्थानीय तहले वित्तीय साक्षरतालाई स्थानीय तहमा मूल प्रवाहीकरण गर्न वित्तीय साक्षरता रणनीति तयार गरेका निर्देशक रिजालको भनाइ छ। थप पाँच वटा स्थानीय तहमा रणनीति निर्माणको प्रक्रियामा रहेको छ।

वित्तीय साक्षरता कार्यक्रम कार्यान्वयनसँगै वैदेशिक रोजगारीबाट प्राप्त हुने आम्दानी दिगो र नियमित नहुने महसुस गर्ने सहभागी आम्दानीको स्रोतहरु खोज्न थालेका, भइरहेका व्यवसाय विस्तार तथा नयाँ व्यवसाय सुरुआत गरी वैदेशिक रोजगारमा भइरहेका व्यक्तिको पुनःएकीकरणमा सहयोग भएको डिप्रोक्सका निर्देशक रिजाल बताउनुहुन्छ।

वैदेशिक रोजगारीमा रहेका व्यक्तिको कागजपत्र परिवारका सदस्यले राख्ने बानीको विकास हुँदा समस्यामा परेका व्यक्तिलाई सहयोग गर्न सहज भएको तथा आम्दानी खर्चको 'रेकर्ड' राख्ने बानीका कारण परिवारमा पारदर्शीता कायम भई अनावश्यक खर्च कम गर्न सहयोग पुग्नुका साथै केही विछोडिएका परिवारकोसमेत पुनःमिलन भएको उहाँको भनाइ छ।

कार्यक्रमअन्तर्गत डिप्रोक्स नेपालले वित्तीय साक्षरता पाठ्यक्रम, पाठ्यपुस्तक, प्रशिक्षक निर्देशिका तथा तालिम सामग्रीका साथै विधिको निर्माण गरी वित्तीय साक्षरता सहजकर्ता परिचालित गरेको छ।

डिप्रोक्सले स्थानीय साझेदार सेवा प्रदायक, स्थानीय सरकारका साथै अन्य सरोकारवलाको क्षमता अभिवृद्धिका लागि तालिम तथा प्राविधिक सहयोग, कक्षाको नियमित अनुगमन, स्थानीय, प्रदेश र सङ्घ सरकार तथा अन्य सरोकारवाला निकायसँग निरन्तर सम्पर्क समन्वय गर्दै आइरहेको छ।

नेपाल सरकार र स्वीस सरकारबीच भएको द्विपक्षीय सम्झौताअनुसार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारको नेतृत्वमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रमअन्तर्गत विभिन्न गतिविधि सञ्चालन भइरहेका छन्। सन् २०१८ देखि २०२४ सम्म सामीको तेस्रो चरण चलिरहेको छ। कार्यक्रमको प्रथम तथा दोस्रो चरण सन् २०११ देखि २०१८ सम्म सञ्चालन भएको थियो।

### *युगान्तकारी...*

र सम्मान प्राप्त गर्ने अवसर सायदै अरू व्यक्तिलाई प्राप्त भयो होला। आफूले हारे पनि मुलुकले जित्नुपर्छ भन्ने दर्शनबाट प्रेरित उहाँ आफ्नो विरोध गर्ने र कालो झन्डा देखाउने प्रवृत्तिलाई आफैलपी ले लडेर प्राप्त गरेको प्रजातन्त्रको उपलब्धिका रूपमा लिनुहुन्थ्यो। राजतन्त्रविरुद्ध दलहरूले संयुक्त रूपमा लडेर संविधानसभाबाट संविधान बनाउने कार्य कोइरालाको योगदानबाट सम्भव भएको थियो।

अहिले मुलुक संविधान कार्यान्वयनसँगै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको बाटोमा अघि बढिरहेको छ। यतिबेला सम्पूर्ण राजनीतिक शक्तिहरूलाई एक सूत्रमा बाँध्ने गिरिजाबाबुजस्ता शीर्ष व्यक्तिको अभाव खड्किएको अनुभूति भइरहेको छ। सम्पूर्ण राजनीतिक शक्ति एकजुट हुन सके मात्र लोकतन्त्र सफल हुन सक्छ। उहाँको निधनसँगै नेपाली लोकतान्त्रिक आन्दोलनको पहिलो पुस्ताको अन्त्य भएको छ र मुलुकलाई शान्ति र समृद्धिको उचाइमा पुऱ्याउने जिम्मेवारी दोस्रो पुस्ताको काँधमा आएको छ। (वरिष्ठ चिकित्सक एवं प्रजातान्त्रिक विचार समाजका पूर्वअध्यक्ष डा केसीसँग गरिएको कुराकानीमा आधारित)


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान वस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**


## विश्व समाचार

### पाकिस्तान र इरानबाट एक लाख १५ हजार अफगानी शरणार्थी स्वदेश फिर्ता

काबुल (अफगानीस्तान), १८ असार (रासस/सिन्ह्वा)।
गत एक महिनामा करिब एक लाख १५ हजार अफगानी शरणार्थी छिमेकी देश पाकिस्तान र इरानबाट स्वदेश फर्केका छन्।

अफगानी नागरिक पाकिस्तान र इरानबाट स्वदेश फर्केको स्थानीय मिडिया टोलो न्युज च्यानलले मन्त्रालयका प्रवक्ता अब्दुल मुतालिब हक्कानीलाई उद्धृत गर्दै जनाएको छ। हक्कानीले फर्केका मानिसलाई नगद र खाना वितरण गरिएकोसमेत बताउनु भएको छ।

रिपोर्टका अनुसार २.५ मिलियनभन्दा बढी अफगानी शरणार्थी पाकिस्तानमा बसिरहेका छन् भने लगभग समान सङ्ख्या इरानमा पनि रहेका छन्।

अफगान कार्यवाहक सरकारले विदेशमा रहेका अफगान आप्रवासीलाई घर फर्कन र आफ्नो युद्धग्रस्त देशको पुनर्निर्माणमा योगदान गर्न आग्रह गर्दै आएको छ।

### कर वृद्धि विरोधको प्रदर्शनमा ३९ को मृत्यु, ३६१ घाइते

नैरोबी, १८ असार (रासस/एएनआई)।
कर वृद्धिसम्बन्धी नयाँ विधेयक को विरोधमा केन्यामा हाले भएको सरकार विरोधी प्रदर्शनमा कम्तिमा ३९ जनाको ज्यान गएको अल जजिराले जनाएको छ।

केन्या राष्ट्रिय मानवअधिकार आयोग (केएनसीएचआर)ले सोमबार मृतकको सङ्ख्या घोषणा गरेको हो केएनसीएचआर रेकर्डले "देशव्यापी विरोध प्रदर्शनको सम्बन्धमा" ३९ जनाको मृत्यु र ३६१ जना घाइते भएको सङ्केत गरेको छ। यो तथ्याङ्ले जुन १८ देखि जुलाई १ सम्मको अवधिलाई समेटेको आयोगको विज्ञप्तीले जनाएको छ।

अधिकांश युवा प्रदर्शनकारीको नेतृत्वमा आयोजित शान्तिपूर्ण करक-विरोधी र्‍याली गत हप्ता संसदले विवादास्पद कानुन पारित गरेपछि घातक हिंसाको स्तब्धकारी दृश्यमा परिणत भएको थियो।

राष्ट्रपति विलियम रुटोले आइतवार टेलिभिजन अन्तर्वार्तामा विरोध प्रदर्शनमा १९ जनाको मृत्यु भएको बताउनुभएको थियो। उहाँले उक्त घटनामा आफ्नो कुनै संलग्नता नभएको र मत्युबारे अनुसन्धान गर्ने वाचा गर्नुभयो।

"केएनसीएचआरले प्रदर्शनकारी, चिकित्सा कर्मी, वकिल, पत्रकारको चर्च, चिकित्सा आपतकालीन केन्द्र र एम्बुलेन्सजस्ता सुरक्षित स्थानमा गरिएको अनावश्यक हिंसा र बल प्रयोगको कडा निन्दा गर्दछ", आयोगले जनाएको छ।

"प्रदर्शनकारी विरुद्ध अत्यधिक र असमान बल प्रयोग गरिएको थियो भन्ने हाम्रो धारणा छ", यसले बतायो। आयोगले संसद् र अन्य सरकारी भवनमा केही प्रदर्शनकारीले प्रदर्शन गरेको हिंसात्मक र स्तब्ध पार्ने अराजकताका कार्यको पनि कडा निन्दा गरेको छ।

राष्ट्रपति रूटोले कर वृद्धिसम्बन्धी विधेयकमा कानुनमा हस्ताक्षर नगर्ने घोषणा गरेतापनि मङ्गलबारदेखि कार्यकर्ताले नयाँ विरोध प्रदर्शनको आह्वान गरेका छन्। प्रदर्शनकारीले सामाजिक सञ्जालमार्फत राष्ट्रपति रुटोको राजीनामा माग गर्दै विरोध प्रदर्शन गरिरहेका छन्।

### बाढीका कारण हजारौं बासिन्दा घरभित्रै फसे

याङ्गन, १८ असार (रासस/एएफपी)।
उत्तरी म्यानमामा बाढीका कारण हजारौं बासिन्दा घरभित्रै फसेका, बिजुली र फोन लाइन काटिएको स्थानीय सञ्चारमध्यमले मङ्गलबार जनाएको छ। राज्य मौसम कार्यालयले थप भारी वर्षाको चेतावनी दिएको छ।

राज्य सञ्चारमाध्यमले उत्तरी काचिन राज्यको सहर माइटकिनामा केही दिनको भारी वर्षाका कारण अय्यारवाडी नदीमा आएको बाढीले खतरा बढेको बताएको छ।

"पानीको स्तर तीव्र रुपमा बढिरहेको छ। धेरै बासिन्दा अझै पनि आफ्नो घरभित्र फसेका छन्। सहरमा इन्धनको अभाव छ र उद्धारकर्ताले मोटर डुङ्गाबाट मानिससम्म पुग्न धेरै कठिनाइको सामना गरिरहेका छन्", माइटकाइनाका एक बासिन्दाले आइतबारदेखि बिजुली र फोन नेटवर्क बन्द भएको बताउनुभयो।

स्थानीय सञ्चारमाध्यमले प्रदर्शन गरेको तस्बिरमा बाढीका कारण डुबानमा परेका भवन र टाउकोमाथि आफ्नो सामान बोकेर बसेको ठाउँभन्दा अन्यत्रै गइरहेका बासिन्दाको दयनिय अवस्था देखाइएको थियो।

वर्षाको मौसममा सामान्यतया दक्षिणपूर्वी एसियाली देशमा महिनौँसम्म भारी वर्षा निम्त्याउछ तर मानवनिर्मित जलवायु परिवर्तनले मौसमको ढाँचालाई अझ तीव्र बनाएको वैज्ञानिकले बताएका छन्।

# मधेस प्रदेशमा बूढानीलकण्ठ स्कूलको शाखा स्थापना आग्रह

काठमाडौँ, १८ असार (रासस) ।

मधेस प्रदेश सरकारका मुख्यमन्त्री शतिशकुमार सिंहले उक्त प्रदेशमा बूढानीलकण्ठ स्कूलको शाखा स्थापना गर्न शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठलाई आग्रह गर्नुभएको छ ।

मुख्यमन्त्री सिंहले हालै शिक्षामन्त्री श्रेष्ठलाई त्यससम्बन्धी एक पत्र हस्तान्तरण गर्दै सो आग्रह गर्नुभएको हो । उक्त शाखा सञ्चालनका लागि सहिद परिवारका कम्तीमा एकजना विद्यार्थीलाई पूर्ण छात्रवृत्तिमा अध्यापन गराउने प्रतिबद्धता जाहेर गर्दै ७५ वटा जिल्लाका विद्यार्थीलाई पूर्ण छात्रवृत्ति, अर्ध छात्रवृत्ति र पूर्ण शुल्क गरी तीन किसिमका कम्तीमा ५० प्रतिशत छात्रा भर्ना गरी बालबालिकाको शिक्षा पाउने अधिकारलाई प्रत्याभूति गराउने कटिबद्धता रहने पत्रमा उल्लेख गर्नुभएको छ ।

---

### *नयाँ सत्ता ...*

साथ दिने घोषणा गरिसकेका छन् भने मधेश प्रदेशमा जनमत नेतृत्वको सरकारलाई निरन्तरता दिन डा.सीके राउत पनि नयाँ गठबन्धनमा जोडिने भएको छ ।

यस्तै महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीले कांग्रेस-एमाले गठबन्धनलाई सघाउने भएका छन् ।

लोसपा पछिल्लो समय कांग्रेस नेतृत्वको विपक्षी गठबन्धनमा थियो । कांग्रेसले प्रचण्ड सरकार विस्थापन गरी एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बनाउने समझदारी गरेसँगै यो दल स्वत: नयाँ गठबन्धनमा आबद्ध हुने देखिएको छ ।

यता कांग्रेस-एमालेबिच भएको सहमतिमा मधेस प्रदेश सरकारको नेतृत्व मधेसवादी दललाई नै भएपछि लोसपा, जसपा नेपाल, जसपा र जनमत पार्टी नयाँ गठबन्धनलाई सघाउने संकेत गरेको छ ।

### *प्रधानमन्त्रीले ...*

प्रस्तावमा जाने निर्णय भएको छ", बैठकपछि माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेलले भन्नुभयो । वर्तमान सत्ता समीकरणमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसलगायत सबै दलसँग विश्वासको मतका सम्बन्धमा छलफल गर्ने निर्णय भएको उहाँले जानकारी दिनुभयो ।

बैठकमा अध्यक्ष दाहालले पछिल्लो राजनीतिक विकासक्रमबारे प्रारम्भिक 'ब्रिफिङ' गर्नुभएको प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो ।

# कांग्रेस र एमालेबीचको सहमतिप्रति राप्रपा सकारात्मक

काठमाडौँ, १८ असार (रासस) ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको सहमति सकारात्मक भएको प्रतिक्रिया दिएको छ ।

पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा मंगलबार बसेको पदाधिकारी बैठकले पछिल्लो विकसित राजनीतिक घटनाक्रमको समीक्षा गर्दै कांग्रेस र नेकपा एमालेबीच भएको सरकार बनाउने नयाँ सहमति सकारात्मक भएको प्रतिक्रिया दिएको हो ।

"अहिले कांग्रेस र एमालेबीच नयाँ सहमतिका साथ सरकार बनाउने कुरा आएको छ जुन स्वागतयोग्य छ", बैठकपछि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भन्नुभयो, "यो सहमतिको मूल विन्दु भनेको संविधान संशोधन हो । संविधान संशोधनका लागि मुख्य र दोस्रो दल मिलेर सरकार बनाउने विषय सकारात्मक छ ।"

राप्रपाले लामो समयदेखि संविधान संशोधनको विषय उठाउँदै आएको र त्यसका निम्ति नयाँ समझदारी कायम गरेर जानुपर्ने धारणा पार्टीको रहेको अध्यक्ष लिङ्देनको भनाइ छ । बैठकले विकसित राजनीतिक घटनाक्रमको समीक्षा गर्दै अहिले नै ठोस धारणा बनाएर निष्कर्षमा नजाने निचोड निकालेको छ ।

यसका निम्ति सबै राजनीतिक दलहरुबीच नयाँ समझदारी बन्नुपर्ने राप्रपाको धारणा छ । अध्यक्ष लिङ्देनले पछिल्लो विकसित राजनीतिबारे राजनीतिक दलहरुसँग निरन्तर छलफल रहने उल्लेख गर्नुभयो ।

# रास्वपा नयाँ सत्तागठबन्धनमा सहभागी नहुने

काठमाडौँ, १८ असार (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) नेतृत्वको नयाँ सत्तागठबन्धनमा सहभागी नहुने भएको छ ।

मंगलबार बसेको पार्टी सचिवालय बैठकले वर्तमान सरकारबाट पार्टी बाहिरिने तर नयाँ गठबन्धनमा सहभागी नहुने निर्णय गरेको पार्टी सचेतक सन्तोष परियारले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "वर्तमान राजनीतिक घटनाक्रम अगाडि बढिसकेपछि अब हामी नयाँ गठबन्धनमा रहदैनौँ । नयाँ सरकार बन्ने प्रक्रिया अगाडि बढ्ने वित्तिकै वर्तमान सरकारबाट बाहिरिन्छौँ ।"

दुई ठूला शक्ति सरकारमा रहनु लोकतान्त्रिक संस्कार विपरीत रहेको भन्दै सचेतक परियारले यो गठबन्धनले राजनीतिक स्थायित्व दिनेमा रास्वपा विश्वस्त नरहेको उल्लेख गर्नुभयो ।


## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**सुरुङ्गा नगरपालिका, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : महादेवा गाउँपालिका, सप्तरी**



## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : डाक्नेश्वरी नगरपालिका, सप्तरी**



## डेंगीबाट कसरी बच्ने ?

बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।

- ➢ लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- ➢ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- ➢ पानी राखेको भाँडालाई छोपेर राखौं।
- ➢ लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- ➢ लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- ➢ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं।
- ➢ सुत्ने बेलामा झुल लगाएर सुतौं।
- ➢ कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- ➢ कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*